ISSN 2795-1774 (Print), 2795-1782 (Online)
**Journal of Fine Arts Campus, 2022 Volume 4 Issue 2**
**Peer Reviewed Research Article**

………………………………………………………………………………………………………………

# नेपाली पञ्चै बाजा समुहः एक विश्लेषण

**नगेन्द्रप्रसाद न्यौपाने**[1*]

[1]Lecturer of 'Tabala' at Ratna Rajya Campus, Tribhuvan University
*Corresponding Author: npn.music2070@gmail.com

**Citation:** न्यौपाने, नगेन्द्रप्रसाद (2022). नेपाली पञ्चै बाजा समुहः एक विश्लेषण. *Journal of Fine Arts Campus, 4*(2). 45-55. https://doi.org/10.3126/jfac.v4i2.54829

---

**लेखासार**

प्रस्तुत लेखमा गन्धर्व अन्तर्गत दमाई समुदायले नेपाली लोक परम्पराका विभिन्न अवसरहरूमा बजाउदै आएको प्रचलित पञ्चै बाजालाई विश्लेषणको बिषय बनाइएको छ । नेपाली लोक परम्पराका विभिन्न धार्मिक तथा सांस्कृतिक अवसरमा बजाईने पञ्चै बाजा परम्परादेखि चल्दै आएको हाम्रो धरोहरको रुपमा रहेको मौलिक बाजा हो । पञ्चै बाजा अन्तर्गत सहनाई, नरसिङ्गा, कर्नाल, दमाहा, ढोलकी, ट्याम्को र झ्याली गरी जम्मा पाँच वटा बाजाहरु रहेका हुन्छन । यस बाजा भित्र रहेको पाँच वटा बाजाहरुको प्रयोगबाट नै यसको नाम पञ्चै बाजा भएको हो । यी बाजाहरुको आफ्नै गरिमा, महत्व, विशेषता र शैली रहेको छ । यी बाजाहरुको बनोट कसरी भएको छ ? यसमा के कस्ता पदार्थको प्रयोग भएको छ ? यसको पृष्ठभूमि विशेषता र शैली कस्तो छ ? विगत र वर्तमानको अवस्था, समस्या र चुनौती बारे एकातिर चर्चा गरिएको छ भने अर्को तीर यस पञ्चै बाजामा बज्ने र बजाइने विभिन्न प्रकारका राग, रागिनी तथा धुनहरु के कति छन ? उक्त राग, रागिनी र धुनहरु कुन अवसरको कस्तो अवस्थामा प्रयोग भएको छ ? यसको विशेषता के हो भन्ने बारेमा वृस्तित रुपमा ब्याख्या गरिएको छ । यस लेखबाट हाम्रो धरोहरको रुपमा रहेको पञ्चै बाजा बारेमा पाठक वर्गलाई वृस्तित जानकारी र ज्ञान हासिल हुने छ र यसमा उठाइएका कुराले समाज र साङ्गीतिक क्षेत्रमा रहेको कौतुहलता, उत्सुकता र जिज्ञासालाई केहि हदसम्म मेटाउने छ साथै नेपाली लोक सङ्गीतको क्षेत्रमा टेवा पुग्ने छ ।

………………………………………………………………………………………………

**शब्दकुञ्जि** : गन्धर्व, दमाई, पञ्चै बाजा, धुन, ताल ।

………………………………………………………………………………………………

## पृष्ठभुमि

नेपाल बहुजाती ,वहुभाषी र वहुसंस्कृति भएको राष्ट्र हो । मानव जातिको प्रादुर्भावसंगै शुरु भएको सङ्गीतको लामो इतिहास परम्परा छ, जुन जीवनको एउटा अभिन्न अंग बनिसकेको छ । विभिन्न काल खण्ड हुदै आजको यो अवस्थासम्म आइपुग्दा पूर्वीय संगीतले धेरै प्रगति, उन्नति र प्रख्याति पाईसकेको छ । यस बीचमा विभिन्न विद्वानहरुले प्रकट गरेका मतहरु आएका छन । नेपालमा पूर्वीय संगीतले महत्वपूर्ण स्थान पाएको छ । भाषा र जातजातिका दृष्टिले नेपाल बहुभाषिक देश र बहुसांस्कृतिक हो । यस परिप्रेक्ष्यमा हरेक राष्ट्रको आ-आफ्नै धर्म, कला संस्कृति, परम्परा, भौगोलिक बनोट, जातिवर्गका सङ्गीतका भिन्न भिन्न शैलीहरु स्थापित भएका छन् । यहाँ विद्यमान विभिन्न सांस्कृतिक महोत्सव, पर्व, जात्रा आदिमा प्रचलित विविध जातजातिका आ-आफ्नै सङ्गीतका शैली तथा परम्परा स्थापित छन् । सङ्गीत अन्तर्गत गायन, वादन र नृत्य विधा पर्दछन । यी सबै विधा परिष्कृत र समृद्ध भई सकेका छन् ।

यहाँ विभिन्न जातजातिको आफनै मौलिक धर्म, संस्कृति, परम्परा, चाडपर्वमा जन्मदेखि मृत्यु सम्म हुने संस्कारहरुमा विभिन्न प्रकारका लोक सङ्गीतले स्थान पाएको छ । त्यसमध्ये नेपालमा बसोबास गर्ने दमाई जाति कला र कौशलमा ख्याति प्राप्त मानिन्छन् । यस जातिको जीविकोपार्जनको मुख्य स्रोत भनेको बाजा बजाउनु र लुगा सिउनु नै भएको मानिन्छ । त्यसमा पनि सङ्गीतलाई प्रमुख पेशाको रुपमा अंगालेको पाइन्छ (उपाध्याय, २०५७ ) ।

यो जातिमा विभिन्न समुहगत रुपमा बजाउदै आएको पञ्चै बाजा प्रचलित बाजा समुहको रुपमा हाम्रो सामु विद्यमान छ । राणा कालमा पञ्चै बाजालाई मङ्गलकार्य, सूचनाको संवाहक, मनोरञ्जनकालागि प्रयोग गरिएको पाइन्छ । पञ्चै बाजाले पाँच वटा बाजाहरुको सामूहिक नामलाई जनाउँछ । नौमती बाजा समूहको विराट समुहमा ३६ वटा बाजा हुन्थ्यो, पछि गएर नौमती बाजामा ९ वटा हुदै पञ्चै बाजामा ५ वटा भएको भन्ने उल्लेख पाइन्छ (कँडेल, २०६१) ।

**बाजा**

बाजा शब्दले ध्वनिको स्रोत अथवा आवाजलाई जनाउँछ। बाजालाई स्वतन्त्र रूपमा बजाइनुका अतिरिक्त प्रत्यक्ष रूपमा गायन, वादन र नृत्यका साथमा पनि बजाइने गरिन्छ। संस्कृत भाषामा बाजालाई 'वाद्य' भनिन्छ। वाद्यको अर्थ वाद्+णिच+यत् अर्थात् बज्न लायक वस्तु भन्ने बुझिन्छ। 'ओमकार नाद' लाई महादेवको ध्वनिको प्रतीकका रूपमा लिइन्छ, र बाजाको रचयिता पनि उनै आराध्यदेव महादेव नै भएको मान्यताका आधारमा बाजा र वाद्य शब्दको तादात्म्य हाम्रो सनातन परम्परासँग अक्षुण रूपमा समाहित भएर रहेको छ भन्ने कुरा विश्वास गर्न सकिन्छ (उपाध्याय, २०५७)।




चित्र श्रोत : लोक बाजा संग्रहालय

नेपाल भाषा र जनजातिका दृस्टीले बहुभाषिक देश भएकाले यहाँ अवस्थित विभिन्न सांस्कृतिक महोत्सव, पर्व, जात्रा, मेलामा अपनाउने आ-आफ्ना मौलिक १३५० प्रकारका लोकबाजाहरु भेटिएका छन। यी लोकबाजाहरु जातीय बाजाका रूपमा रहि आएका छन्। बजाउने शैली र बनावटका आधारमा नेपाली लोकबाजाहरुलाई कोट्याएर बजाइने तार बाजा, धनु वा गजले रेटेर बजाइने तारबाजा, औंला चाली फुकेर बजाइने बाजा, औंला नचाली फुकेर बजाइने बाजा, ठोकेर बजाइने बाजा, छालाले मोडी खरी लगाई बजाइने ताल बाजा गरी सात प्रकारमा वर्गीकरण गरिएको पाइन्छ (कडेल, २०६१ )। त्यस्तै अर्का अध्येताले बाजाको स्वर, आकार, प्रकार, प्रकृति, पदार्थ, उपयोग, भूमिका, बनावट आदिको आधारमा बाजालाई विभिन्न बर्गमा बर्गीकृत गरेका छन (Poudel, 2021)।

राणा कालमा पन्चेबाजालाई मंगल कार्य, सूचनाको संवाहक, मनोरंजनको रूपमा प्रयोग गरिन्थ्यो भने हिजो आज अन्य जाति तथा समुदायले ब्यबसायका निम्ति समेत बजाउने गरेको सन्दर्भले यसको लोकप्रियता बढ्दो छ।

हाम्रो सभ्यताको शुरूवातसंगै नेपालमा विभिन्न बाजा समूहरूको विकास हुदै आइरहेका छ। यस्ता धेरै समूहहरू मध्ये पञ्चै बाजा पनि एक सर्वप्रिय लोक वाध्य समूह हो। पञ्च तत्वबाट बनेको हाम्रो शरीरलाइ सदा सन्तुलनमा राख्न हाम्रा पूर्खाहरूले पञ्चै बाजाको सृजना गरेको भन्ने भनाई रहेको पाइन्छ। पृथ्वी तत्वको प्रतीक ट्याम्को, जल तत्व दमाहा, अग्नी तत्व झ्ुर्मा, वायु तत्व ढोलकी, र आकाश तत्वको प्रतीक कर्णाल, नरसिँहा र सहनाईलाई लिने गरिन्छ। यसलाई हाम्रो शरीर र पञ्च तत्वको रूपमा निम्न अनुसार वर्गिकरण गर्न सकिन्छ (कडेल, २०६२)।

**शोध विधि**

यस अध्ययनको मूख्य उदेश्य गन्धर्व जातिले नेपाली लोक परम्पराका विभिन्न अवसरहरूमा बजाउदै आएको पञ्चै बाजा अन्तर्गत पर्ने बाजाहरुको परिचय, यसको पृष्ठभूमि, विगतको र वर्तमानको अवस्था, समस्या र चुनौतीका साथै पञ्चै बाजामा बज्ने र बजाइने विभिन्न प्रकारका प्राचीन रागरागिनी तथा धुनहरुको बारे उजागर गर्नखोजेको छ। पूर्व प्रकाशित सहायक तथा दोस्रो स्रोतबाट तथ्यांक सङ्कलन गरी गुणात्मक विधिको आधारमा विश्लेषण गरिएको छ। अध्ययनको स्रोतको रुपमा शिर्षकको उदेश्य बमोजिम पुस्तकहरु, लेख रचनाहरु, शोधहरु, पत्र पत्रिकाहरु, वेबसाइटहरु, अनुसन्धान रिपोर्टहरु तथा व्यक्तिगत विचार धारालाई आधार मानि लिइएको छ। यो अनुसन्धानलाई मुर्तरुप दिन ब्याख्यात्मक एवं विश्लेषणात्मक विधिको अध्ययनका आधारमा निस्कर्षमा ल्याइएको छ।

**उदेश्य**

यस लेखको प्रमुख उदेश्य नेपाली सांस्कृतिक धरोहरका रूपमा रहेको यस पञ्चै बाजामा बज्ने र बजाइने विभिन्न प्रकारका बाजाहरुको परिचय, यसको पृष्ठभूमि, विगतको र वर्तमानको अवस्था, समस्या र चुनौतीका साथै प्राचीन राग तथा धुनहरुको बारेमा पहिचान गर्न र सत्य तथ्य प्रमाण पाठक सामु ल्याउनु रहेको छ।

ISSN 2795-1774 (Print), 2795-1782 (Online)
**Journal of Fine Arts Campus, 2022 Volume 4 Issue 2**
**Peer Reviewed Research Article**

## पञ्चै बाजा समूह अन्तर्गत पर्ने बाजाहरुको विश्लेषण

### सहनाई

पञ्चै बाजाको समूहमा सहनईको सबै भन्दा मुख्य भूमिका रहेको हुन्छ । यो बाजालाई सनाई, सनई, सहनाई र सहनाईका नामबाट पनि चिनिन्छ । यस बाजाको पुरा शरीर पित्तल, आल्मोनियम, चोया र बयरको जरा प्रयोग गरी तयार गरिन्छ । यसको माथिल्लो भाग  ताडको पातबाट बनाएको नलले यसलाई बजाउन सहयोग गर्छ । यस बाजाको मुख्य ध्वनिको स्रोत पनि यही हो । यसको आकार अर्धचन्द्राकार जस्तो हुन्छ । यसको माथिल्लो भागमा ओठद्वारा फुकेर आठ वटा प्वाललाई औँलाले थिचेर सुमधुर आवाज निकालिन्छ । यसको आवाज निकाल्न निकै बल प्रयोग गर्नुपर्छ । यस बाजाको ध्वनि तीखो र टड्कारो हुने गर्दछ । एउटा सहनाई औँला चाल्दै बजाउँदा अर्काले फुकेर सूर मात्र दिइरहन्छ । त्यसैले सूर दिने सनईलाई भाले सहनाई र औँला चाल्दै भाखा हालेर बजाइने सहनाईलाई पोथी सहनाई पनि भनिन्छ (रिमाल, २०२८ ) ।


चित्र श्रोत : लोक बाजा संग्रहालय

लोक बाजा संग्रहालयका अनुसार पञ्चै बाजा अन्तर्गत सहनईमा ३२ प्रकारका अनेक राग-रागिनी युक्त धुनहरू रहेको प्रमाण भेटिन्छ । यसलाई जोडी सहनईको रूपमा भाले र पोथी एकै साथ बजाउने प्रथा समेत रहेको पाइन्छ। नेपालमा दमाई र कुस्ले जातिले प्रयोग गर्ने मुहाली बाजा पनि सहनईको ठुलो रूप हो । नेपाल सरकारले स्वर्गीय राजा वीरेन्द्र र रानी ऐश्वर्यको शुभविवाहका अवसरमा प्रकाशित २५ पैसाको टिकटमा सहनई बाजाको चित्र अङ्कित रहेको तथ्य भेटिन्छ जसले गर्दा यसको गरिमा र महत्व त्यो समयमा पनि कति थियो भन्ने अनुमान लाउन सकिन्छ (कडेल, २०६१ ) ।

### नरसिंहा

नरसिंहा पञ्चै बाजामा महत्वपूर्ण सुर बाजाको रुपमा रहेको छ । संस्कृत शब्द नरश्रृङ्गको अपभ्रंस भई नरसिंहा भएको र जसलाई नरहरुले टाउको माथि सिङजस्तो ठाडो पारेर बजाउने भएकाले यसको नामबाट नै नरसिंहा भएको किम्वदन्ती पाइन्छ (पराजुली, २०६७) । संस्कृतमा यसलाई तूर्य भनिन्छ । यसैलाई पछि तुरही र भेरी पनि भनियो । त्यसपछि रणश्रृङ्ग र सिंग भन्दै अहिले यसलाई नरसिंहा भनिन्छ । यो बाजा प्राचीनकालदेखि हाम्रो संस्कृतिमा बज्दै आएको बुझिन्छ । यसको स्वर तीखो हुन्छ । यसलाई रण बाद्यपनि भन्छन । नरसिंहा बाजा सात फीटसम्म लामो हुन्छ । दमाई जातिले यो बाजालाई आकाश तत्वको प्रतीकको रुपमा लिने गर्दछन । यसलाई गाउँघरमा धुत्तुरी पनि भनिएको पाइन्छ । यसको आवाज कर्णाल भन्दा ठूलो र तिखो हुन्छ । नेपालमा सबै भन्दा लामो नरसिंहा कास्कीको कालीकोटमा भएको पाइन्छ (कँडेल, २०६१) ।


चित्र श्रोत : लोक बाजा संग्रहालय

विवाह बटुलोमा जन्ती जाँदा बाटोमा कुनै देवस्थल, गुम्बा, घुम्ती तथा भञ्ज्याङ देउरालीहरूमा नरसिंहा बजाउने गरिन्छ । नरसिंहा बजाउदा कर्नाल पनि सँगसँगै बजाउने प्रथा छ ।

 email: journalfinearts@gmail.com

ISSN 2795-1774 (Print), 2795-1782 (Online)
**Journal of Fine Arts Campus, 2022 Volume 4 Issue 2**
**Peer Reviewed Research Article**

**कर्णाल**

पञ्चै बाजामा कर्णाल विशेष महत्व बोकेको बाजा हो । यो सोझो आकारको लामो बाजा हो । फेरोमा यसको बाटुलो ठूलो आकार हुन्छ । यो वाद्ययन्त्र तामा र पित्तलले बनेको हुन्छ। बजाउनका निम्ति सबैभन्दा कठिन बाजाका रूपमा परिचित छ । यसको आवाज धेरै ठुलो, मोटा, मन्द्र (घोर) र धोद्रो हुन्छ। देवी-देवताको मन्दिरमा यो बाजा बजाइन्छ, जसलाई जोड लगाएर फुकेर बजाउने गरिन्छ। यस बाजालाई पनि नरसिंहा जस्तै सानो पारेर भाँचेर बोकिन्छ र बजाउने बेलामा जोडेर बजाइन्छ । यसको आवाज सात डाँडा पारीसम्म टड्कारै सुन्न सकिने हुनाले यसको छुट्टै विशेषता छ। यो बाजा पाँचदेखि सात फीट भन्दा लामो हुने गर्दछ। विवाह बटुलोमा जन्ती जाँदा बाटोमा कुनै देवस्थल, गुम्बा, घुम्ती तथा भञ्ज्याङ देउरालीहरूमा नरसिंहा बजाउने बेलामा कर्णाल बाजा सँगसँगै बजाउने प्रथा रहेकोछ (कँडेल, २०६१) ।



चित्र श्रोत : लोक बाजा संग्रहालय

**दमाहा**

पञ्चै बाजामा दमाहालाई प्रमुख ताल बाजाको रूपमा लिइन्छ। यस बाजाको आकार ट्याम्को जस्तो पिँधतर्फ सानो र मुखतर्फ ठुलो हुन्छ। यसलाई नगराको सानो रूप मानिन्छ। यो बाजा तामाले बनेको हुन्छ जसलाई माथिबाट छालाले मोडिएको हुन्छ। यो बाजा पञ्चैबाजा तथा नौमती बाजा समूहमा अगुवा बाजाको रूपमा रहेको हुन्छ। यसलाई भुईमा वा काँधमा भिरेर बजाइन्छ। ठुलो दमाहालाई एकोहोरो रूपमा माथिबाट लाठी वा गजले पिटेर बजाइने गरिन्छ। यसको आवाज ठुलो परसम्म सुनिने ढुङ... ढुङ...प्रकृतिको हुन्छ (रावल, २०६३) ।

नौमती बाजा समुहमा ठुलो र सानो गरी दुई वटा दमाहा बाजाको प्रयोग गरिने गरिन्छ। आकारमा सानो ठूलो भए तापनि यसको आकृति एकैनासको हुने गर्दछ । दमाहामा माथितिरको मुखमा मात्र छालाले मोडिन्छ । यसको माथिल्लो भागमा रहेको छालालाई तनाले पिँधतिर ल्याई कसिन्छ। ठूलो दमाहा देवस्थलहरुमा बजाईदा दुई गजाले बजाइन्छ। दमाहा वा नगरा एकै प्रकारका दुईथरी नामका बाजा हुन् । दमाहालाई पञ्चैबाजा र नौमती बाजामा एकै गजाले बजाइन्छ।



चित्र श्रोत : लोक बाजा संग्रहालय

दमाहाको बारेमा वेद र पुराणमा समेत उल्लेख पाइन्छ । प्राचीन संस्कृतिमा यस बाजालाई दुन्दु, दुन्दुभि, पटह, प्रणव, भेरी, मडडुक, आडम्वर, रणवाद्य र नगरा भनिन्थ्यो । सेनालाई जागरुक बनाउन र शत्रुहरुलाई परास्त गर्न यो बाजा बजाउने गरिन्छ । त्यसैले यसलाई लडाईमा संकेतको रुपमा प्रयोग गरिएकोले यस बाजाको नाम रणवाद्य भनिएको पाइन्छ । यो बाजा बजाउने व्यक्तिलाई वैदिक कालमा 'स्वङ्गिक', 'अडम्बर घट्ट' भन्ने गरेको पनि पाइन्छ। अहिले दमाहा बजाउनेलाई दमाही (दमाई) भन्ने चलन छ। यसैबाट दमाई नामको सार्थकता खोजिएको छ। दमाहा बाजा बजाउने भएर दमाही हुँदै पछि गएर दमाई भएको भन्ने किंवदन्ती छ (भट्टराई, २०६९) ।


email: journalfinearts@gmail.com

ISSN 2795-1774 (Print), 2795-1782 (Online)
**Journal of Fine Arts Campus, 2022 Volume 4 Issue 2**
**Peer Reviewed Research Article**


चित्र श्रोत : लोक बाजा संग्रहालय

**ढोलकी**

पञ्चै बाजा समूहमा ढोलकी सहायक ताल बाजाको भूमिकाको रूपमा रहेको हुन्छ। ढोलकीका धेरै प्रकारहरू पाइन्छन। नेपालको पहाडी क्षेत्रमा यस बाजालाई ढोलकी र तराई खण्डतिर यसलाई ढोलक भन्ने गरेको पाइन्छ। यसको पूर्ण शरीर कटहरको काठले बनेको हुन्छ। यो करिब डेढ फुट लामो हुन्छ। यसको आकार दुवै तर्फ बराबर हुन्छ। यसको दुवै भागलाई छालाले मोडिएको हुन्छ। ढोलकीलाई एकातर्फ हातबाट पिटेर र अर्कोतर्फ गजले हिर्काएर बजाइने गरिन्छ। यो मादल जस्तै आकारको हुन्छ जसको एकापट्टि भित्रबाट खरी लगाइएको हुन्छ। ढोल परिवारभित्र ढोल, ढोलक, ढोलकी जस्ता बाजा भएता पनि तिनीहरूको बनावट, ताल, बोल र बजाउने शैली बेग्ला बेग्लै रहेको पाइन्छ। ढोलक बजाउर्ने व्यक्तिलाई ढोलकी वा ढोलकिया भन्ने गरिएबाट नै यसको नाम ढोलकी रहन गएको हो भन्ने कथन पाइन्छ (दर्नाल, २०६३)। दमाई समुदायले पञ्चै बाजामा बजाउने ढोलकी अन्य लोकनृत्य, भाका र तालमा पनि आकर्षक ढङ्गले बजाइने गरेको पाइन्छ। आजभोलि यस बाजालाई अन्य वर्ग तथा समुदायले समेत बजाउने गरेको पाइन्छ।

**ट्याम्को**


चित्र श्रोत : लोक बाजा संग्रहालय

ट्याम्कोलाई पञ्चै बाजा समूहमा प्रमुख बाजाको रूपमा लिने गरिन्छ। यसको बनावट दमाहाकै आकारको तर सानो ताप्के जस्तो हुन्छ। यसमा दायाँ र बायाँ गरी दुई वटा भाग हुन्छन्। यस बाजाको पुरा शरीर धातु र कतै कतै काठले बनेको समेत भेटिन्छ। यसको माथिल्लो भाग बाख्राको छालाबाट मोडिएको हुन्छ। यस बाजालाई दुवै हातमा रहेको काठको छडीबाट ठोकेर वादन गरिन्छ। यसलाई कम्मरमा भिरेर वा बसेर बजाउने प्रचलन छ। यस बाजालाई पञ्चै बाजा समूहमा दमाहाको नाति बाजाको रूपमा लिने गरिन्छ। यसको आवाज टुनुपुल्टुङ...नापुल्टुङ...गर्दै घन्किन्छ (जंगम, २०६३)।

ट्याम्कोको स्वरूप नेपालको तराई क्षेत्रमा प्रचलित 'भटिया' बाजासँग मिल्दोजुल्दो देखिन्छ। यो बाजा नेपाली लोकगीतका विभिन्न शैलीमा समेत प्रयोग भएको पाइन्छ। यस्तै सुर्खेत जिल्लामा ट्याम्को जस्तै भेटिएको बाजालाई 'कुटकुटे' भनिएको छ (भट्टराई, २०६९)।
नाचगानमा नभई नहुने ट्याम्को पहिले पहिले दमाई समुदायले मात्र बजाउने गर्थ्यो भने आजभोलि विभिन्न युवा साङ्गीतिक समूह माझ पनि यो बाजाको लोकप्रियता निकै बढेको पाइन्छ।

**झ्याली**

पञ्चै बाजा परिवारमा झ्याली सहायक बाजाको रूपमा रहन्छ। यो काँसको धातुबाट बनेको ठुलो आकारको दुई वटा थाल जस्तो हुन्छ। यसको दुवै पट्टि राखिएको डोरीमा औंला छिराएर त्यसैका सहायताले दुवै थालीलाई एक आपसमा जुधाएर/ठोक्काएर बजाइन्छ। सहनईको धुनमा ट्याम्कोले ताल समातेपछि दमाहा र ट्याम्कोसँगै झ्याई...झ्याई...पारेर झ्याली बजाउने प्रचलन रहिआएको छ (नेउपाने, २०७०)।


चित्र श्रोत : लोक बाजा संग्रहालय

नेपालको मध्य पहाडी र हिमाली भेगमा पाइने झ्यालीका धेरै प्रकारहरू विभिन्न आकृति र प्रकृतिका भेटिन्छन। झ्याली बाजालाई पञ्चै बाजामा बाहेक अरू अनेक प्रकारका लोकभाका र भजनहरूमा पनि बजाइने गरिन्छ (उपाध्याय, २०५७)। झ्यालीलाई तामाङजाति र लामापुरोहितहरूले मृत्युसंस्कार र धार्मिक अनुष्ठानमा निकै


email: journalfinearts@gmail.com

ISSN 2795-1774 (Print), 2795-1782 (Online)
**Journal of Fine Arts Campus, 2022 Volume 4 Issue 2**
**Peer Reviewed Research Article**

प्रयोग गरेको भेटिन्छ । राणा कालमा सूचना र सङ्केतका लागि प्रमुख बाजाको रूपमा यो बाजा बजाउने प्रचलन थियो ( रावल, २०६३) ।

**पञ्चै बाजामा बजाइने राग, धुन र तालहरु**

पञ्चै बाजाबाट विभिन्न प्रकारका राग रागिनी तथा धुनहरू सिर्जना भएका छन् । यी राग रागिनी र धुनहरुलाई नेपालमा वैदिक कालदेखिनै परम्परागत रुपमा दमाई जातिले बजाउदै आएको देखिन्छ । यी राग रागिनी तथा धुनहरुको भाकामा विविधता पाइन्छ ।

लोकबाजा सङ्ग्रहालयका संस्थापक अध्यक्ष राम प्रसाद कडेलका अनुसार हालसम्म पञ्चै बाजा बाजामा ३२ प्रकारका राग रागिनी तथा धुनहरु भएको तथ्य प्रमाण भेटिन्छ (कँडेल, २०६१ । यी राग रागिनी र धुनहरूलाई समय सिद्धान्तकै रूपमा विभिन्न अवसरमा फरक-फरक प्रकारले बजाउने गरेको पाइन्छ । यी ३२ प्रकारका राग रागिनी तथा धुनहरुको बारेमा तल व्याख्या गरिन्छ ।

**१. मङ्गल**

यो राग सबै भन्दा अगाडी बजाइने महत्वपूर्ण राग हो । हाम्रा धार्मिक साँस्कृतिक अनुष्ठान पुरा गराउन गणपतिको आराधना सहित मङ्गल कार्यहरूलाई विना कुनै बाधा अवरोध सुसम्पन्न गराउनको मङ्गल राग बजाइन्छ । फरक फरक स्थान अनुसार मङ्गल रागमा विभिदता पाइन्छ । मङ्गल राग नबजाई कुनै पनि कार्य गरिदैन किनकि मङ्गलको अर्थ शरिरमा पञ्च तत्वको सन्तुलन सङ्गीतको आकासतत्वबाट गराई आरोग्य बनाउनु हो ।

**२. बिहान चरी**

यो राग ब्रम्ह मुहर्तमा बजाउने राग हो । रातभर आराम गरेका चराचर शुभ बिहानीको नजिक पुग्छन् तब यो राग बजाइन्छ । बिहान चराको चिरविर संगै यो राग बजाइने भएकोले बिहान चरी भनिएको हो ।

**३. विलानी**

यो राग सहनाईमा लगभग रातको १०/११ बजेतिर बजाइने गरिन्छ । काम धन्दाबाट थाकेर ओछ्यानमा जाने बेलामा यो राग सुन्दा गाढा निद्रा पर्ने तथा नराम्रो सपनाहरु नदेख्ने भनेर बुढापाकाहरू भन्ने गर्दछन । हाल विलानी राग बजाउने चलन गाउँ घरमा ज्यादै कम छ । केही बृद्ध कलाकार वादकहरूमा मात्र यो राग बजाउने सीप बाँकी छ ।

**४. वसन्ती**

यो राग दिनको मध्यान्यमा बजाइने गरिन्छ । आफ्नो कर्तव्यमा सचेत भई निर्दिष्ट दिशामा सत्कर्म गर्न यो राग बजाइन्छ । यो राग सुनेपछि मान्छेको मन वसन्त ऋतुको फूल झैं फकन्छ भन्ने भनाई छ । त्यसैले हाम्रा पूर्वजहरूले "सदा वसन्तम हृदयारविन्दे" भनेको हुनुपर्छ । यसर्थ मान्छेको मनमा उमंग भर्ने यो रागले हाम्रो जीवनमा तथा समाजमा अमिट छाप छोडेको छ ।

**५. चितु**

यो धुन मध्य रातमा बजाइने गरिन्छ । जब हामी स्वप्न तथा निद्राको प्रगाढ आलिङगनमा हुन्छौ तब यो राग बजाउने गरिन्छ । मध्य रागको सन्नाटामा यो राग बजाउँदा हामी आफूलाई समाधिको किनारामा उभिएको आभाष हुने गर्दछ । यो राग बजाउन ज्यादै कठिन भएकोले आजभोली यसको प्रचलन ज्यादै न्यून छ ।

**६. मालश्री**

यो राग नवरात्रीको समयमा बजाइने प्रचलन छ । असुरहरूको संहार गरि सत्यको विजय भएको सन्दर्भमा यो राग बजाइने गरिन्छ । हाम्रो नेपाली समाजमा बर्षको २ पटक नवरात्रीको पूजा गरिन्छ जुन समयमा भगवती दुर्गाको महिमाको रूपमा मालश्री रागलाई पुजाको रुपमा वादन गर्ने परम्परा स्थापित छ ।

**७. डाँडे रामकली**

यो राग घाम अस्ताउने बेलामा बजाउने प्रचलन रहेको छ । बुढा वादकहरूको भनाई अनुसार एकजुवा घाम बाँकी रहदासम्म यो राग बजाउनु पर्दछ भनिन्छ। हाम्रो गाउँघरमा बजाइने अनेक प्रकारका रागहरूमध्ये यो एक प्राचीन राग हो ।

**८.सन्ध्या करणी**

यो झमक्क साँझ पर्ने बेलामा बजाइने राग हो । साँझ पर्दा गाउँघरमा झ्याउँकिरी कराउदै गर्दा यो राग बजाई साँझलाई मनोरम प्रदान गर्ने गरिन्छ । यो अत्यन्तै मिठो राग मानिन्छ । यो राग सुनेपछि स्फूर्ति तथा दैवी चेतनाको जागृत हुने गर्दछ ।

**९. एक्ले ख्याली**

यो विशेष प्रकारको धुन हो । यो अन्य राग तथा धुनहरूको बीचबीचमा बजाइने गरिन्छ । पूर्वी नेपालको रामेछाप, ओखलढुँगा देखि भोजपूर तिर यो राग बजाउने प्रचलन रहेको पाइन्छ । यो राग बजाउदै मध्य गतिमा नाच्ने परम्परा पनि छ । यस रागमा पूर्वी नेपालमा नाचिने अन्य जात-जातिको नाचको प्रभाव परेको पाइन्छ ।

**१०. चुडके ख्याली**

यो नेपालको पश्चिम भेगमा प्रचलित राग हो । मङ्गलको साथै अन्य चारसोरे देखि सातसोरे रागको बीच बीचमा यसलाई बजाउने गरेको पाइन्छ । यो राग बजाउदा जो कोहीलाई पनि नाची हालौ भन्ने लाग्दछ । विवाहको सबै काम सकेपछि दुलाहाका बुबा वा मामालाई काँधमा बोकेर वादकहरू आँगनमा नाचने गर्दछन् । यसो गर्नाले घरको इज्जत संसारै भरि फैलिन्छ भन्ने किम्वदन्ती स्थापित छ । साथै यो राग बजाई सके पछी अन्तिममा आशिक दिने राग बजाउनै पर्ने प्रचलन पनि रहेको पाइन्छ ।

**११. व्यउला अन्माउने धुन**

विवाह गर्दा घरबाट जग्गेको काम सम्पन्न गरि दुलाहाको आमाले दुलाहालाई दुध खुवाएपछि यो धुन बजाउन शुरू गरिन्छ । दुलाहालाई यज्ञमण्डपको परिक्रमा गराई आफ्नो मान्यजनको आर्शिवाद लिदै डोलीमा चढने बेलामा बजाउने गरिन्छ तर यो रागलाई दुलाह डोलिमा चढेपछि बजाउन नमिल्ने प्रचलन रहेको छ ।

**१२. बेहुलीको घर पुग्ने बेलाको धुन**

यो धुनलाई वादकहरू सहनाईमा मात्र पनि बजाउँदछन् साथै पञ्चैबाजा समुहमा समेत बजाउने प्रचलन छ । विवाहको जन्ती दुलहीको गाउँ प्रवेश गरे पछि यो राग बजाउने गरिन्छ । यो रागले विवाहको जन्ती दुलहीको गाउँमा प्रवेश भयो भन्ने जानकारी दिन्छ र आ-आफ्ना काममा भएका गाउँलेहरू पनि जन्तीको स्वागत गर्न दुलहीको आँगनमा पुग्दछन् ।

**१३. वरणी गर्दाको धुन**

यो धुन विवाहको जन्ती दुलहीको आँगनमा पुगे पछि सन्ध्या कालिनको समयमा बजाउने गरिन्छ । आफ्ना मान्यजन तथा अतिथि सहित दुलहीका बुबा, आमा, मामा आदिले विशेष प्रकारको थालीमा दिप बालेर फूल अक्षताले दुलाहाको स्वागत गर्दा यो धुन बजाउने प्रचलन छ ।

**१४. बडाँईको धुन**

यो धुनलाई दमाई जातिले विशेष धुन मान्ने गर्दछन् । विदाई गर्नु पर्ने देवदेवी, राजा तथा अन्य व्यक्तिहरूको सम्मानमा यो धुन बजाउने प्रचलन छ । यात्रामा दोवाटो चौवाटो देवी-देउराली कोटकीदेवीको अगाडि पुग्दा पनि यो धुन बजाउने गरिन्छ भने सभा, उत्सव, महोत्सव समारोहको गरिमा बढाउन पनि यो धुन शुरूमा बजाउने गरिन्छ ।

**१५. कन्यादानको धुन**

यो विवाहको समयमा बजाइने मुख्य धुन हो । यो धुन शुभ घडि, पला, लगन हेरेर शुभ मुहर्तमा कन्यादान गर्दा बजाउने गरिन्छ । माइती पक्षले वरको हातमा वधुको हात राखिदिईसके पछी आफ्नो गोत्र छुट्याउदा यो राग बजाइने प्रचलन छ । दुलहीका आफन्त इष्टमित्रहरूले दुलाह दुलही दुबैलाई खुट्टा धोई टिका लगाइञ्जेल यो धुन निरन्तर रुपमा बजाउने परम्परा रही आएको छ ।

**१६. दुलही माग्ने राग**

यो राग विवाहको समाप्तीको समयमा बजाउने गरिन्छ । जग्गेको सम्पूर्ण कार्य तथा भोज भतेर काम सकेर जन्तीहरू आराम गरिसकेपछि जव जन्तिले “अब हुने ढिलो भयो घर पुग्न रात पर्ला” भनि वादकहरूलाई अनुरोध गरेपछि

यो राग बजाइने प्रचलन छ। यो राग दुलहीलाई विदा गर्ने समयमा बजाउने भएकोले पिडा दायक हुन्छ र दुलही पक्ष विछोडको आभासमा रून थाल्दछन्।

**१७. दुलही अन्माउने धुन**

यो धुन दुलहीको घरमा बजाइने अन्तिम धुन मानिन्छ। अत्यन्त कारूणिक वियोगान्त भावमा यो धुन बजाउने गरिन्छ। यो रागको विशेषता भनेको दुलहीको विदाईको लागि सबैको आँखा रसाउनु नै हो। यो समयमा तल जग्गेमा डोली तयार हुन्छ डोलेहरू अगाडि पछाडि बस्छन दुलाह दुलहीलाई कुरिरहेको हुन्छ अनि बिस्तारै दुलहीका बाबुले विवाह मण्डपमा दुलही ल्याउँछन र डोली तथा जग्गेलाई अक्षता फूलले दुलहीले पूजा गर्छिन। साथै जग्गे परिक्रमा गर्दा दुलहीका बाबुले दुलहीलाइ बोक्छन र डोलीमा चढाइदिन्छन।

**१८. रतेउलीको धुन**

यो धुन विवाहको अवसरमा जन्ती दुलही लिन गएपछि घरका चेलिबेटि महिलाहरूले गाउने भाकाको धुन हो। स्थान भेद अनुसार रतेउलीका अनेकौं भाकाहरू छन्। विशेषत: यो नर वर्जित भाका धुन मानिन्छ। पुरूषहरू घरमा नभएको बेलामा र विवाह पछि हुने प्रेम, यौन आदिका कृयाहरूलाई सकेसम्म ठेट शब्दमा उतारेर गीत गाइन्छ। दुलही सहित जन्ती फर्के पछि रतेउली खेल्ने महिला चढेको घोडा मुल दमाईले चडने प्रचलन रहेको छ। त्यो समयमा उक्त दमाई काम्ने उफ्रने गर्दछ। त्यो रमाईलो पछि कुशल वादकले उसमा चढेको शक्ति बाजाको उत्तरे रतेउली धुन बजाए पछि काम्न रोकिन्छ भन्ने किम्बदन्ती छ।

**१९. रसिया**

यो श्रमलाई सहज बनाउने धुन हो। असारको टन्टलनपुर घाममा तातो पानीमा रोपाँई गर्नु त्यति सहज हुदैन तसर्थ पन्चै बाजामा रसियाका रमाइला धुन बजाइने प्रचलन छ। यो धुनलाई कतै - कतै गाउने-बजाउने धुन पनि भन्दछन्। रोपाहार र बाउसे ख्याल ठट्टा गर्दा कतिपय दोहोरो अर्थ लाग्ने कामूक प्रसंगका गीत यही धुनमा गाउदै रमाइलो गर्दछन्। हिलो छ्यापाछ्याप गदै रमाइला गर्ने यो पर्व संस्कृतिक रूपमा खालि जग्गामा नवदुलहीलाई ल्याई फूल अक्षताले भुमे पुज्न लगाई रोपाँई गर्न लगाउने प्रचलन छ।

**२०. तिजको धुन**

नारीहरूको महान चाड ऋषि तर्पणी वा तिजलाई मानिन्छ। त्यो समयमा तिजका मुख्य तीन दिन यो धुन बजाइन्छ। नदिको संगममा गई बिहानैदेखि चेलिबेटिले स्नान गरि पूजा गरी आफ्नो मनको वहलाई गीतको मार्मिक भाकामा गाउने प्रचलन रहेको छ। पूर्वी नेपालमा गाइने सङ्गीनी तथा पश्चिममा गाउने तीज गीतका भाका फरक फरक भएपनि भाव दुःख, पिडा, विछोड र नव विवाहित बुहारीलाई सासूले दिने यातना, सौताको हेला आदि प्रसंगहरूलाई मार्मिकरूपमा प्रस्तुत गरी यिनै प्रस्तुत गीतहरूलाई वादकहरूले गीतको तालमा छोपेर बजाउने गर्दछन्।

**२१. माहुर खेलाउने धुन**

नेपाली लोक सङ्गीतमा धेरै अमूर्त पक्षहरू भेटिन्छन्। त्यस मध्ये यो माहुर खेलाउने पनि एउटा महत्वपूर्ण धुन मानिन्छ। काँसको कचौरामा मह दहि तथा मगंल स्वस्थ्य कारक तत्वहरू मिलाई दुलाहको जुठो दुलहीलाई र दुलहीको जुठो दुलहालाई खुवाउने चलन छ। यो महत्वपूर्ण घडीमा हाम्रा पुर्खाहरुले सदा स्मरण गराउनको लागी यो माहुर खेलाउने धुन सृजना गरेको मानिन्छ।

**२२. दुलाहा डोलीमा हालेपछिको धुन**

विवाहमा दुलाहालाई डोलीमा हाले पछि सबै वरियात अगाडी बढ्दै तगारोमा पुग्दा जोर बन्दुक एकै साथ पडकाउने चलन छ। जब तगारो काटिन्छ अनि यो धुन गाउँ नकाटुन्जेल बजाउने गरिन्छ। २ दिनको विवाहमा अनेक प्रकारका राग रागिनी धुनहरुले गर्दा लामो बाटो काटन सजिलो हुन्थ्यो भने आजकाल यातायातको विकास तथा १ दिने विवाह गर्ने चलन ज्यादा बढेकोले धेरै प्रकारका धुनहरु लोप लोप हुदै गएको पाइन्छ।

**२३ भोटे सेलो**

यो पञ्चैबाजामा बजाईने विशेष तालमा आधारित धुन हो। हाम्रा बाजाहरुलाई वादकहरुले आ-आफ्ना ईष्ट देवदेवीको पूजाको प्रतिकको रुपमा लिने गर्दछन तसर्थ यस धुनमा ती देवदेवीलाई वादकले विशेष ताल स्वरको


email: journalfinearts@gmail.com

ISSN 2795-1774 (Print), 2795-1782 (Online)
**Journal of Fine Arts Campus, 2022 Volume 4 Issue 2**
**Peer Reviewed Research Article**

आराधनाबाट आफ्नो शरीरमा प्रवेश गराई वादन गर्ने प्रचलन छ । यो धुन बजाएपछि पञ्चैबाजाको हलुङ्गो शरीर भएको वादकहरू काम्न तथा कैरन थाल्दछन भन्ने भनाई रहेको पाइन्छ् । अन्त्यमा बाकी रहेका वादक कलाकारहरुले त्यसलाई छुटाउन उल्टो धुन बजाएपछि काम्न छुटछ् । त्यसैले यो महत्वपूर्ण धुन मानिन्छ ।

**२४. चाँचरी धुन**

यो शोक धुन हो । गाउँ छरछिमेकमा कसैको मृत्यु भएको समयमा यो धुन बजाउने प्रचलन रहेको छ । विशेषतः शवयात्रा गर्दा यो धुन घाट नपुगुन्जेल बजाउने गरिन्छ । अन्य धुन भन्दा फरक यस धुनमा उल्टो ताल बज्ने गर्दछ । यो धुन बजाउने समयमा सहनाईको फूली चाँचरी बजाउँदा फूकाल्ने गरिन्छ । यस प्रकारको धुन बजाएको बाजाहरू १३ दिनसम्म अन्य शुभमंगल कार्यमा बजाउँन मिल्दैन भन्ने किम्वदन्ती छ । जब क्रिया सकिएको १३ औं दिनमा गहुँत छर्केपछि मात्र यी बाजाहरू शुध्द हुन्छन् र मात्र बजाउन मिल्ने हुन्छ ।

**२५. मकै गोडने धुन**

यो पनि एक विशेष प्रकारको धुन हो । खाए मकै नखाए भोकै भन्ने उखान हाम्रो गाउँघरमा चली आएको छ । यो धुन विशेषत जेठको गमीको समयमा मकै गोडदा टण्टलापुर घामको गमीलाई भुलाउनको लागि बजाउने प्रचलन रहेको छ । हाम्रो नेपाली लोक सङ्गीतमा श्रम गर्दा बजाईने यस्ता धेरै गीत सङ्गीत तथा धुनहरु छन जस्तैः वेठी, असारे, रसिया । यसका पनि विभिन्न प्रकारहरु पाइन्छन ।

एक ताल - यो धुन एकोहोरो रुपमा मकै गोडदा बजाउने प्रचलन रहेको छ । यस धुनलाई मकै गोडदा बजाउने भएकोले गोडेलो पनि भन्ने गरिएको पाइन्छ । यो धुन एकनासको लयमा एकचित्त भएर बजाउने गरिन्छ जसले गर्दा काममा जोशजागर र उर्जा आउछ । दुई ताल - यो धुन दोहोरो रुपमा मकै गोडदा बजाउने प्रचलन रहेको छ । यस धुनलाई पनि मकै गोडदा बजाउने भएकोले गोडेलो भन्ने गरिएको पाइन्छ । यो धुन दोहोरा मकै गोडदा ढिलो लयमा एकचित्त भएर बजाउने गरिन्छ ।

**२६. छ सोरे राग**

यो सहनाईमा बजाइने पौराणिक राग हो । यसमा सहनाईमा हुने ८ वटा स्वरको छैठौ स्वरलाई आधार मानेर बजाइने र यस रागमा छ वटा स्वरहरुको प्रयोगको प्रचलन रहेकोले यसको नाम छ सोरे भएको भन्ने किम्वदन्ती पाइन्छ ।

**२७. सात सोरे राग**

यो पनि सहनाईमा बजाइने पौराणिक राग हो । यो रागलाई सहनाई र कतै रासामा वादन गर्ने परम्परा रहेको पाइन्छ । यो रागलाई कोटको देवीहरूलाई पञ्चवली दिने बेलामा बजाइने गरिन्छ । अन्य अवसरहरूमा पू:लको डोली चढाउँदा देवी थानहरूमा पुजा प्रारम्भ देखि अन्त्य नभएसम्म यो राग बजाउने प्रचलन रहेको छ ।

**२८. चार सोरे राग**

यो पनि सहनाईमा बजाइने पौराणिक राग हो । चौँथो स्वरलाई आधार मानेर यो राग बजाइने गरिन्छ । चैत्र महिनामा मात्र यो राग बजाउने गरिन्छ । चैत महिनामा रोग व्याधि धेरै फैलने भएकोले यसलाई नियन्त्रण गर्नको लागि वरिपरी रहेका पिचास, भूत, प्रेत, मसान, छौडा आदिलाई चार सोरे रागको सङ्गीतद्वारा मन्त्र मुग्ध बनाई खुसि पारेर पन्छाई वादन गर्ने परम्परा स्थापित छ । यसको उदेश्य रोगव्याधिबाट बचाई आफ्नो गाउँघरलाई सुरक्षा दिने गरिन्छ । तर आजकल यो राग बजाउने वादक कलाकारहरु धेरै कम छन् ।

**२९. भतेर खाएपछिको धुन**

यो धुन दुईदिन हुने विवाहको दोस्रो दिन जन्ते बाखोको भतेर खाएपछि बजाउने प्रचलन रहेको छ । जन्ती जाँदाको दोस्रो दिन विवाहको जग्गेमा गरिने सम्पूर्ण विधिहरू सके पछी भतेरको आयोजना हुन्छ । यस भतेरमा नव दुलाहा दुलही सहित जन्तीहरू सबै एकै लाईनमा बसेर भतेर खान्छन् र जब अघिल्लो दिनदेखि थाकेका जन्तीहरू जन्ते बाखोको भतेरले लट्ट परेका हुन्छन् त्यसबेला पञ्चैबाजा वादकहरूले यो धुन बजाई जन्तीहरूलाई जोश जागर र उर्जाशील बनाउँदछन् ।


email: journalfinearts@gmail.com

ISSN 2795-1774 (Print), 2795-1782 (Online)
**Journal of Fine Arts Campus, 2022 Volume 4 Issue 2**
**Peer Reviewed Research Article**

…………………………………………………………………………………………………………

**३०. ब्याउली भित्राउने धुन**

दुलाहाको घरमा दुलही लिएर वरियात फकैपछि दुलाहाकी आमा तथा चेलीबेटीहरू रत्यौली खेली सके पछि ब्याउली भित्राउने धुन बजाउने प्रचलन रहेको छ । दुलहीलाई गृहलक्ष्मीको रूपमा दुलाहाको आमाले विभिन्न रितपुर्वक सम्पूर्ण विधिहरू पूरा गरि घर भित्राइ त्यसैबेला दुलहीलाई सासूले ढुकुटीको साँचो हस्तान्तरण गर्दछिन् । यसबेला श्री प्राप्तीको मङ्गल कामना गर्नको लागि पञ्चै बाजामा ब्याउली भित्राउने धुन अनिवार्य रुपमा बजाउने गरिन्छ ।

**३१. माहूर सेलाउने धुन**

विवाहको बेलामा दुलाहा दुलहीले पासा खेल्ने प्रचलन रहेको छ । साथै यसै समयमा अनेक साँस्कृतिक रितीहरू पूरा गरिन्छ । ती मध्ये माहुर खेलाउने धुन पनि महत्वपूर्ण धुन हो । पासा खेलाएर सकेपछि जब माहुरलाई जन्तीले सुरक्षित रूपमा पोटारोमा बाहिरपट्टि झुण्ड्याएर राखेका हुन्छन् साथै जन्ती दुलही लिएर आफ्नो गाउँको सिमाना काटे पछि आउने पहिलो नदी, खोला र खोल्सी वा पँधेरोमा त्यो माहूरलाई विर्सजन गरि दुलाहा दुलही दुबैले फूल अक्षता नैवेद्य भेटी सहित जलमा अर्पित गरी माहूर सेलाउने बेलामा माहूर सेलाउने धुन बजाइन्छ । यो धुन एक विशेष किसिमको भएकोले थोरै मात्र बुढापाका सहनाई वादकहरूले बजाउन जान्दछन् ।

**३२. दिवालीको धुन**

यो धुन दमाई जातिको विशेष प्रचलित धुन हो । दमाई जातिहरुले आफ्नो घर दैलाको दाहिने भागमा भिमसेनको सानो प्रतिमा बनाएर खोपामा राखेका हुन्छन् । ती खोपामा भिमसेन सहित आफ्ना कूलका ईक्ष्टदेवता, ईक्ष्टदेवी, कुलदेव, कुलदेवीको पूजा आराधना गर्ने प्रचलन रहेको छ । यो धुन कतै बर्षेनी, कतै ३ बर्षमा एकपटक त कतै ५ बर्षमा गरिने गरिन्छ । यो समयमा सबै ईक्ष्टमित्र भेला भएर बजाइने धुन नै दिवालीको धुन हो । यो धुन कुलदेवताको पूजा बाहेक अन्य बेलामा बजाउदा कुल देवता रिसाउछन भन्ने किम्वदन्ती छ (कडेल, २०६२) ।

यी राग रागिनी तथा धुनहरु राणा कालमा मंगल कार्य, सूचनाको संवाहक, मनोरंजनको रूपमा प्रयोग गरिन्थ्यो भने आज भोलि व्यवसायका निम्ति विभिन्न कार्यहरुमा समेत बजाउने गरेको कारण तथा समाजमा मंगल कार्य, सूचनाको संवाहक, मनोरंजनका निम्ति अनेक प्रकारको प्रविधिको विकासले गर्दा यो बाजा तथा बजाउने कलाकारहरु समेत ओझेलमा परेको पाइन्छ ।

परापुर्वकालदेखि नै राज्याभिषेक, विवाह, व्रतबन्ध, पुजा र अन्य खुसीयालीका कार्यमा घन्कने लोक बाजा अन्तर्गत पर्ने पञ्चै बाजा लोप हुन थालेको छ । पञ्चै बाजालाई पेशागत रुपमा जाति विभेदसंग जोडेर हेरिने नेपाली समाजको गलत प्रथा रहेकाले कतिपय कलाकारहरुले यो पेशालाई छोड्दै आएको देखिन्छ । विभिन्न विवाह व्रतबन्ध तथा मंगल अवसरहरुमा बज्ने पञ्चै बाजाको ठाउमा ब्याण्ड पार्टी बाजाको बढदो मागले मौलिक बाजाको प्रयोग झनै कम भएको छ । यस सँगै पञ्चै बाजाबाट निस्कने राग रागिनी र धुन अनुसारका गीत र ताल समेत हराई सकेका छन् । पञ्चै बाजाका ३२ राग रागिनी तथा धुनहरु अहिले सुन्न पाइन्न । युवा पुस्तामा यस प्रति रुचि र चाहाना अत्यन्त कम देखिन्छ साथै अन्य बाजाको प्रभाव र दमाई जातीको बाजा बजाउने पेसालाई संरक्षण गर्न नसक्दा पञ्चै बाजा लोप हुने अवस्थामा पुगेको देखिन्छ । नेपाली मौलिक लोक परम्परा बोकेको पञ्चै बाजाको संरक्षण, सम्वर्दन र प्रवंदनमा राज्यले नै ध्यान दिनपर्ने देखिन्छ । लोक संस्कृति संरक्षणको क्षेत्रमा काम गर्ने सरकारी निकायहरुले पञ्चै बाजा बजाउने र सिकाउनेको खोजि गरी आवश्यक शिक्षण प्रशिक्षणको व्यवस्था गर्ने साथै यसप्रति समाज र भावी पुस्तालाई आकर्षित गर्ने खालका कार्यक्रम ल्याउनु पर्ने देखिन्छ ।

**निष्कर्ष**

पञ्चै बाजा नेपाली लोक परम्पराका विभिन्न धार्मिक तथा सांस्कृतिक अवसरमा बजाउने हाम्रो धरोहरको रुपमा रहेको मौलिक बाजा हो । जसमा दमाहा, सहनई, ट्याम्को, ढोलकी, झ्याली, नरसिङ्गा र कर्णाल गरी पाँच वटा बाजाहरु रहेका हुन्छन । यो वाजा समूहको आफ्नै गरिमा महत्व, विशेषता र शैली रहेको पाइन्छ । यो बाजा समुह नेपालको एतिहासिक, धार्मिक तथा साँस्कृतिक प्रतिकको रुपमा रहेको मौलिक बाजा हो । यस बाजा समुहलाई नेपाली संस्कृति अन्तर्गत विवाह, व्रतबन्ध, पर्व, जात्रा तथा मठ मन्दिरहरुका विभिन्न अवसरहरुमा राग रागिनी तथा धुनहरु बजाउदै आएको परम्परा छ । यी राग रागिनी तथा धुनहरुलाई मंगल अवसर, सूचना प्रवाह, मनोरंजनका निम्ति प्रयोग गरिएको

 email: journalfinearts@gmail.com

छ। हालसम्म पञ्चै बाजामा ३२ प्रकारका राग रागिनी तथा धुनहरु बज्ने गरेको पाइन्छ। यी राग रागिनी तथा धुनहरुको प्रयोग विशेष गरेर विवाहको कार्यक्रममा धेरै भएको भएको छ । आजकल यो बाजा बजाउने वादक कलाकारहरुको कमीले यी राग रागिनी तथा धुनहरु लोपोन्मुख अवस्थामा छन । यस्तो सांस्कृतिक तथा धार्मिक महत्व बोकेको पञ्चै बाजाको संरक्षण तथा प्रवर्दन गर्नु हामी सबैको कर्तब्य हुन आउछ।

**सन्दर्भ कृतिसुची**

उपाध्याय, सचेन (२०५७) बाजाको व्यापक अर्थ, काठमान्डौ : नेपाल लोक बाजा संग्रहालय ।

कडेल, रामप्रसाद (२०६१), नेपाली लोक बाजा, काठमान्डौ : नेपाली लोक बाजा सग्रहालय ।

जङ्गम, बेनी (२०६३), लोकगीत सन्दर्भका, काठमान्डौ : भृकुटी एकेडेमिक पब्लिकेशन ।

दर्नाल, रामशरण (२०३८), संगीत परिक्रमा, काठमाडौं : साझा प्रकाशन ।

दर्नाल, रामशरण (२०६३ ), नेपाली लोक संगीतमा पन्चे बाजा, पोखरा : हिमाली साँस्कृतिक परिवार ।

दिवस, तुलसी नेपाली लोकबाजा, काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

नेउपाने, कुसुमाकर (२०७०), नेपाली लोक गीत, पोखरा : फिस्टेल पब्लिकेशन ।

पराजुली, कृष्णप्रसाद (२०६७), नेपाली शब्द कोष, काठमान्डौ : नेपाल प्रज्ञा प्रतिष्ठान ।

भट्टराई, ज्ञानेश्वर (२०६९), बृहत ज्ञान कोष, काठमान्डौ : आशिष बुक्स हाउस ।

कडेल, रामप्रसाद (२०६२), पुन्चैबाजाका लोपोन्मुख राग र धुनहरु, काठमाडौं : राजकीय प्रज्ञा प्रतिष्ठान

जङ्गम, बेनी (२०६३), लोकगीत सन्दर्भका, काठमान्डौ : भृकुटी एकेडेमिक पब्लिकेशन ।

Poudel, P. P. (2021). Classification of Music Instruments: An overview. *International Research Journal of MMC (IRJMMC)*, *2*(4), 1–10. https://doi.org/10.3126/irjmmc.v2i4.41548

Tingey, Carol (1990AD). *Heartbeat of Nepal : The Pancai Baja*. Kathmandu : Royal Nepal Academy.